आज मिति २०८०।०१।१० गते आइतबारका दिन बिहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को १९ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति:

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।


कार्यपालिका बैठक मिति : २०८०।०१।१० गते

समय : विहान ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्विकृत मिति : २०८०।०१।०५ गते

**छलफलका एजेण्डाहरु:**

प्रस्ताव नं. १ पूर्व निर्णयको समिक्षा सम्बन्धमा,
प्रस्ताव नं. २ प्रशासकीय भवनको लागि जग्गा व्यवस्थापन सम्बन्धमा
प्रस्ताव नं. ३ अन्नपूर्ण अध्यक्ष कप प्रतियोगिता, २०७९ को खर्च अनुमोदन सम्बन्धमा,
प्रस्ताव नं. ४ पोखरेवगरमा स्वास्थ्य संस्था स्थापना सम्बन्धमा,
प्रस्ताव नं. ५ गैरसरकारी संस्थाहरुको कार्यक्रम व्यवस्थापन सम्बन्धमा,
प्रस्ताव नं. ६ वडा शिक्षा समिति गठन सम्बन्धमा,
प्रस्ताव नं. ७ सडक गुरुयोजना सम्बन्धमा,
प्रस्ताव नं. ८ विपद् व्यवस्थापन तालिममा सहभागी पठाउने सम्बन्धमा,
प्रस्ताव नं. ९ आगामी आ.व.को लागि बजेट पूर्व तयारीको सम्बन्धमा,
प्रस्ताव नं. १० स्थानीय पाठ्यक्रम/पुस्तक निर्माण सम्बन्धमा,
प्रस्ताव नं. ११ विविध समसामयिक विषयमा ।

**निर्णय नं. १**

प्रस्ताव नं १ उपर छलफल गर्दा गाउँ कार्यपालिकाबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयनको अवस्था निम्नानुसार समीक्षा गरियो।

क) पूर्ववत रुपमा भएका निर्णयहरु मध्ये अधिकांश निर्णयहरु कार्यान्वयनमा रहेको र सामग्री खरिद सम्बन्धी निर्णयका सम्बन्धमा लागत अनुमान तयार भइरहेको पाइयो।

ख) मिति २०७९।१२।०८ को कार्यपालिका बैठकबाट स्वीकृत भएको कार्यसञ्चालन निर्देशिका २०७९ मा सबै कर्मचारीहरुलाई आवास सुविधा प्रदान गर्ने गरी व्यवस्था गर्न मिति २०८०।०१।०८ को कर्मचारी बैठकबाट माग भई पेश भएकामा हाललाई स्वीकृत उक्त कार्यविधि बमोजिम नै गर्ने ।

ग) वडा कार्यालय सञ्चालन खर्चका सम्बन्धमा छुट्टै व्यवस्था गर्न मनासिब देखिएकाले दफा ६को उपदफा १ को खण्ड ख मा रहेको ***वडा कार्यालयमा रु पाँच हजार। योजना तर्जुमा, टोल भेला लगायतका विशिष्ट प्रकृतिका कार्यक्रमको हकमा उपस्थिति संख्याको अनुपातमा थप हुन सक्ने*** भन्ने वाक्यांशको सट्टा ***यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वडा कार्यालयमा हुने सबै प्रकृतिका बैठक, अतिथि सत्कार तथा सामान्य सञ्चालन खर्च स्वरुप मासिक रुपमा रु १५०००/- मात्र उपलब्ध गराउने*** भन्ने वाक्यांश कायम गर्ने।

**निर्णय नं. २**

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि मिति २०७९।०९।२६ को कार्यपालिका बैठकको निर्णय अनुसार मिति २०७९।११।११, मिति २०७९।११।२८ र मिति २०७९।१२।१८ मा निशुल्क जग्गा प्राप्तीका लागि सूचना प्रकाशन गरिएकामा निशुल्क प्रदान गर्नका लागि कसैबाट पनि निवेदन प्राप्त हुन नआएकाले स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालनन कार्यविधि २०७९ अनुसार भवन निर्माण गर्न ६ रोपनी जग्गा जग्गा प्राप्ती ऐन २०३४ अनुसार मुआब्जा प्रदान गरी जग्गा प्राप्ती गर्नका लागि तपसिलको चौकिल्ला भित्र रही सूचना प्रकाशन गर्ने साथै जग्गा प्राप्तीको लागि आवश्यक सबै तयारी गर्ने।

तपसिल

पोखरेबगर क्षेत्रभित्र उत्तरमा घारखोला दक्षिणमा म्याग्दी हाइड्रोपावरको पावर हाउस पश्चिममा कालीगण्डकी नदी र पूर्वमा गोजे (पानी टयाङ्की)

निर्णय नं. ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा मिति २०७९।१२।२७ देखि मिति २०८०।०१।०१ सम्म वडा नं ७ को घरांम्दीमा सञ्चालित अन्नपूर्ण अध्यक्ष कप २०७९ को खर्च तपसिल बमोजिम अनुमोदन गरियो।

| सि.नं. | खर्च शिर्षक | कुल खर्च | करकट्टी | खुद खर्च |
|---|---|---|---|---|
| १ | वडागत खेलाडी सहभागी भत्ता | ४८०००० | ७२००० | ४०८००० |
| २ | नगद पूरस्कार - प्रथम | १२०००० | ३०००० | ९०००० |
| ३ | नगद पूरस्कार - द्वितीय | ८०००० | २०००० | ६०००० |
| ४ | मेडल, ट्रफि जर्सि, ज्याकेट र खेलकुद सामाग्री खरिद (अध्यक्ष) | १५४९७९ | २०१४७ | १३४८३२ |
| ५ | ११ जना अफिसियलको ५ दिनको पारिश्रमिक | ११०००० | १६५०० | ९३५०० |
| ६ | १३ जना स्वयंसेवकको ५ दिनको पारिश्रमिक | ६५००० | ९७५० | ५५२५० |
| ७ | खाजा तथा खाना खर्च | १५६४५७ | २३४७ | १५४११० |
| ८ | लालिगुँरास अफसेट खर्च (सम्मान, मायो चीनो) | २१०७८५ | ३१६१८ | १७९१६७ |
| ९ | घराम्दी आमासमुह सहयोग अनुदान (गाडी भाडा) | २३००० | २३०० | २०७०० |
| १० | नृत्य निर्णायक जज पारिश्रमिक (एकल र सामुहिक) | ३००० | ४५० | २५५० |
| ११ | इनामेल र ब्रस खरिद | ३८०० | ४९४ | ३३०६ |
| १२ | ४ ओटा ठुलो लाइट | १८२५० | २३७३ | १५८७८ |
| १३ | जेनेरेटर तेल २० लिटर खरिद (जरकिन सहित) | ३९०० | ५०७ | ३३९३ |
| १४ | सम्मान कोरियन दोसल्ला- ४० ओटा | ४४००० | ६६० | ४३३४० |
| १५ | ध्वजा पताका, प्लाष्ट्रिक रसि, बेलुन र अविर | ३१०० | ४७ | ३०५४ |
| १६ | मुभ स्प्रेस र ब्यान्डिज खरिद- लाङ्वाली मेडिकल पोखरेवगर | २००० | ३० | १९७० |
| १७ | चुना २५ केजि | ७५० | ११ | ७३९ |
| १८ | संयोजक र प्रतिवेदक | ४५०० | ६७५ | ३८२५ |
| | जम्मा | १४८३५२१ | २०९९०८ | १२७३६१३ |
| | अक्षरुपीः चौध लाख त्रियासी हजार पाँच सय एक्काइस रुपैयाँ | | | |

**निर्णय नं. ४**

प्रस्ताव नं ४ उपर छलफल गर्दा पोखरेबगरमा स्वास्थ्य संस्था स्थापना गर्न जनस्तरबाट माग आएको सन्दर्भमा स्वास्थ्य संस्था स्थापना तथा ल्याव सेवा सञ्चालनका लागि कार्यविधि तयार गर्नु आवश्यक देखिएकाले सामाजिक विकास समितिले उक्त कार्यविधिको तयारी गर्ने ।

**निर्णय नं ५:**

प्रस्ताव नं ५ उपर छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुसार गैरसरकारी संस्थाहरुले स्थानीय तहमा कार्यक्रमहरु पेश गरी स्वीकृति लिएर मात्र सञ्चालन गर्नुपर्ने प्रावधान रहेकोमा कतिपय अवस्थामा गाउँपालिकालाई कुनै जानकारी नै नभई गैरसरकारी संस्थाहरुका गतिविधि सञ्चालन भएकाले नियन्त्रण, नियमन र सहजीकरणका लागि उक्त कानूनी प्रावधानको कडाइका साथ कार्यान्वयन गर्ने गराउने।

**निर्णय नं. ६:**

प्रस्ताव नं ६ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको गाउँ शिक्षा ऐन २०७७ ले गाउँपालिकाको शिक्षा क्षेत्रको नियमन, सहजीकरण र गुणस्तर अभिवृद्धिका लागि गाउँ शिक्षा समिति तथा वडा शिक्षा समितिको व्यवस्था गरेको सन्दर्भमा वडा तहमा हुने शैक्षिक गतिविधिहरुलाई प्रबर्द्धन गर्नका लागि सबै वडाहरुमा वडा शिक्षा समिति गठन नभएका वडाहरुमा १० दिनभित्र गठन गरी सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा गराउने।

**निर्णय नं. ७:**

प्रस्ताव नं ७ उपर छलफल गर्दा गाउँपालिकाको सडक आवश्यकता पहिचान तथा प्राथमिकता निर्धारण गरी सडक पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्नका लागि सडक गुरुयोजना (Municipal Transport Master Plan – MTMP) निर्माण गर्ने मिति २०७९।१२।०८ को कार्यपालिका बैठकबाट निर्णय भएकामा निर्माण गर्नका लागि स्वीकृत लागत अनुमान अनुसार पूँजीगत अनुसन्धान तथा परामर्श शीर्षकमा व्ययभार हुने गरी परामर्श सेवा मार्फत अगाडि बढाउने।

**निर्णय नं. ८**

प्रस्ताव नं ८ उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने

क) जिल्ला प्रशासन कार्यालयको च नं २३२७, मिति २०७९।१२।२२ को पत्रबाट शत्रुभञ्जन गुल्म अर्थुङ्गे व्यारेकबाट मिति २०८०।०१।२७ देखि २९ गतेसम्म जिल्ला समन्वय समितिको सभाहल बेनीमा कम्यूनिटी सर्च एण्ड रेस्क्यू तालिम सञ्चालन हुने भएकाले ५ जना शिक्षार्थी पठाउन भनी लेखी आएकामा, दिलिप कुमार गर्बुजा, देव कुमारी खोरजा, वीर बहादुर पौडेल, इन्द्र कुमार खड्का र तस बहादुर पूर्जा लाई सहभागी गराउने।

ख) विभिन्न विपद्बाट प्रभावित तथा रोगबाट ग्रस्त व्यक्तिहरुलाई निम्नानुसार राहत सहयोग गर्ने
-मिति २०८०।०१।०२ गते वडा नं ३ निवासी माया गर्बुजा श्रेष्ठको युना कृषि तथा पशुपन्छी फर्ममा रहेका १५ वटा बंगुरहरु अकस्मात मरेकाले १५००/- प्रति गोटाका दरले रु २२५००/-
-वडा नं ६ बस्ने दुर्ग बहादुर नेपालीको मिति २०७९।१०।१९ गतेका दिन घोडाबाट लडी निधन भएकाले निजको बाबु श्री नर बहादुर नेपालीलाई रु १००००/-
-वडा नं ७ निवासी श्री डम बहादुर पुन मिति २०८०।०१।०३ गते रुखबाट खसी मेरुदण्ड भाँचिएकाले तत्कालको उपचार सहयोग स्वरुप निजकी छोरी अनिता तिलिजालाई रु १५०००/-

ग) मनसुनजन्य विपद् प्रभावित भई लाभग्राही कायम भएका तथा सम्झौता गरी प्रथम किस्ता प्राप्त गरेका व्यक्तिहरुको अवस्था निम्नानुसार भएकाले कार्य गर्न बाँकि रहेका लाभग्राहीको हकमा यथाशिघ्र कार्यसम्पन्न गराउन सम्बन्धित वडाले पहल गर्ने र कार्यसम्पन्न भएका लाभग्राहीको हकमा अन्तिम किस्ता सिफारिस गरी पठाउने।

| क्र.सं | लाभग्राहीहरुको नाम | ठेगाना | संझौता भई कार्य संचालन भईरहेका घरधुरी | संझौता भई कार्य संचालन हुन नसकेका घरधुरी | हाल कार्य सम्पन्न भएका घरधुरीहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गणेश वहादुर खड्का | अन्नपूर्ण -६ , घार | ० | ० | १ | कार्य सम्पन्न भई अन्तिम निरिक्षण भएकाले अन्तिम किस्ता भुक्तानीको लागि पठाउने । |
| २ | ओम प्रसाद थापा | अन्नपूर्ण -३ , फगाम | ० | १ | ० | संझौता भई पहिलो पेश्की उपलब्ध भएको तर कार्य संचालन हुन नसकेको । |
| ३ | नन्द वहादुर कटुवाल | अन्नपूर्ण -३ , फगाम | ० | १ | ० | संझौता भई पहिलो पेश्की उपलब्ध भएको तर कार्य संचालन हुन नसकेको । |
| ४ | चन्द्र वहादुर खड्का | अन्नपूर्ण -६ , घार | ० | १ | | संझौता भई पहिलो पेश्की उपलब्ध भएको तर कार्य संचालन हुन नसकेको । |
| जम्मा | | | ० | ३ | १ | |

घ) विपद् व्यवस्थापन समितिको मिति २०७८।१२।१ को निर्णयानुसार पहिचान भएका लाभग्राहीहरुको मोवाइल एप्लिकेशनमा विवरण प्रविष्ट भई मिति २०८०।०१।०८ को विपद् व्यवस्थापन समितिले लाभग्राही कायम गर्न सिफारिस गरेका तपसिलका व्यक्ति/परिवारलाई मनसुनजन्य विपद् प्रभावित नयाँ लाभग्राहीका रुपमा कायम गरिदिन जिल्ला प्रशासन कार्यालय म्याग्दीमा सिफारिस गर्ने।

| क्र.सं | लाभग्राहीहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जग प्रसाद गर्बुजा | अन्नपूर्ण -१ , दोवा | |
| २ | बिले पाईजा | अन्नपूर्ण -२ , भू- तातोपानी | |
| ३ | डम्वर बहादुर पौडेल | अन्नपूर्ण -२ , भू- तातोपानी | |
| ४ | मन कुमारी पौडेल थापा | अन्नपूर्ण -२ , भू- तातोपानी | |
| ५ | केहरसिं सेन्च्युरी | अन्नपूर्ण -२ , भू- तातोपानी | |
| ६ | भमाया राम्जाली | अन्नपूर्ण - ३ फगाम | |
| ७ | नरमान थापा | अन्नपूर्ण - ३ फगाम | |

| | | | |
|---|---|---|---|
| ८ | दुर्गा प्रसाद थापा | अन्नपूर्ण - ३ फगाम | |
| ९ | सन्तु वरुवाल | अन्नपूर्ण - ३ फगाम | |
| १०. | देउमाया सर्किनी | अन्नपूर्ण - ३ फगाम | |
| ११ | नरे तिलिजा | अन्नपूर्ण -५ , शिख | |
| १२ | लिलमती गर्बुजा शेरपुजा पुन | अन्नपूर्ण -५ , शिख | |
| १३ | केशरी तिलिजा पुन | अन्नपूर्ण -५ , शिख | |
| १४ | काली तिलिजा | अन्नपूर्ण -५ , शिख | |
| १५ | रन वहादुर वि.क | अन्नपूर्ण -५ , शिख | |
| १६ | जसलाल तिलिजा पुन | अन्नपूर्ण -५ , शिख | |
| १७ | सोम प्रसाद तिलिजा पुन | अन्नपूर्ण -५ , शिख | |
| १८ | डवलसिंह पाईजा | अन्नपूर्ण -५ , शिख | |
| १९ | हर्क वहादुर सुनार | अन्नपूर्ण - ५, शिख | |
| २० | तुलदेवी पुन | अन्नपूर्ण -६ , घार | |
| २१ | उजेली घर्ति | अन्नपूर्ण -६ , घार | |
| २२ | विष्णु खड्का | अन्नपूर्ण -६ , घार | |
| २३ | गणेश वहादुर पुन | अन्नपूर्ण -८ , राम्चे | |
| २४ | टेक बहादुर गर्बुजा पुन | अन्नपूर्ण -८ , राम्चे | |

**निर्णय नं. ९**

प्रस्ताव नं ९ उपर छलफल गर्दा आगामी आ.व २०८०/०८१ का लागि संघ तथा प्रदेशबाट प्राप्त हुने बजेट सीमा तपसिल बमोजिम रहेकाले बजेट पूर्व तयारीमा लाग्न सबै विषयगत समिति, विषयगत शाखाहरु र वडा कार्यालयहरुलाई निर्देशन दिने।

तपसिल

| क्र सं | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | ७,५३,००,०००/- | |
| २ | संघीय राजश्व बाँडफाँट | ८,३३,८०,६००/- | |
| ३ | गण्डकी प्रदेश समानीकरण अनुदान | ८७,६२,०००/- | |
| ४ | गण्डकी प्रदेश सवारी साधन कर बाँडफाँट | ७७,८५,०००/- | |
| ५ | गण्डकी प्रदेश सशर्त/विशेष र समपूरक अनुदान (अनुमानित) | १,००,००,०००/- | |
| ६ | संघीय सशर्त, विशेष र समपूरक अनुदानका योजनाहरु प्राप्त हुन बाँकी | | |

**निर्णय नं. १०:**

प्रस्ताव नं १० उपर छलफल गर्दा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी शैक्षिक कार्यकलाप अगाडि बढाउनु स्थानीय तहको अनिवार्य अधिकार तथा कर्तव्य भएकाले सो को तयारी स्वरुप कार्यदल गठन गरिएकोमा उक्त कार्यदलका सदस्यहरु मध्ये केही सरुवा भई अन्यत्र जानुभएको साथै कार्यदलको विज्ञताले उक्त कार्य गर्न असमर्थ भएकाले परामर्श सेवा मार्फत क्रमशः कक्षा ६-८ को पाठ्यक्रम र कक्षा २-८ को पाठ्यपुस्तक निर्माण गर्ने कार्य तत्काल अगाडि बढाउने।

**निर्णय नं. ११**

प्रस्ताव नं ११ उपर विविध विषयमा छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

क) गाउँपालिकाका सबै वडाहरु क्रमश वडा नं २, ५, ८, ७, ४, ६, ३ र १ लाई बालमैत्री वडा घोषणा गरी गाउँपालिकालाई नै बालमैत्री बनाउनका लागि सामाजिक विकास कार्यालय, म्याग्दीसँग साझेदारी गरी कार्यक्रम सञ्चालन तथा आवश्यक पूर्वतयारी गर्ने।

ख) बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषणमैत्री योजनाका लागि रहेको बजेटबाट किशोरी स्वास्थ्य तथा आत्मरक्षा तालिम सञ्चालन गर्नका लागि सामाजिक विकास कार्यालय म्याग्दीसँग साझेदारी गर्ने।

ग) गाउँपालिका भित्र रहेका अपांगहरुलाई पहिचान गरी परिचय पत्र वितरण गर्नका लागि अपांगता परिचय पत्र शिविर वडा नं ८ र वडा नं ७ बाट सुरु गर्ने र क्रमश गाउँपालिका क्षेत्रभर विस्तार गर्ने।

घ) वडा नं २ र वडा नं ५ को सीमाना समेत पर्ने तातोपानी कुण्डको तल पर्ने स्थानमा कालीगण्डकी नदीको बहावले भुरुङ् तातोपानी बस्ती जोखिममा पर्ने देखिएकाले नदीको धार परिवर्तन गर्नुपर्ने भएकाले दुवै वडाको रोहवरमा नदीको धार परिवर्तन गर्ने। सो का लागि आवश्यक सहजीकरण गरिदिन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने।

ङ) यस गाउँपालिकामा कार्यरत रोजगार संयोजक श्री विपिन बरुवालले व्यक्तिगत कारण देखाई राजीनामा पेश गर्नु भएकाले उक्त रिक्त स्थानमा करार पूर्तिका लागि विज्ञापन गर्ने।

च) नेपाली सेना, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय, युद्धकार्य विभाग, जंगी अड्डाको पत्र संख्या १३३०२/सफा हिमाल/०७९/८०/८२ को पत्रबाट अन्नपूर्ण हिमालको फोहोर सफाई गरिरहेको नेपाली सेनालाई फोहोर प्रमाणीकरणका लागि प्रतिनिधि पठाइदिने भनि पत्र प्राप्त भएको सन्दर्भमा यस गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र वडा नं ४ का वडा अध्यक्षबाट स्थलगत निरीक्षण गरिएको व्यहोरा जानकारी भयो ।

छ) राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयको च नं ११३, मिति २०७९।१२।२२ को पत्रबाट मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय तह समन्वय समिति गठन भए नभएको बारे लेखी आएकामा तपसिल बमोजिम समिति गठन गर्ने।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | -संयोजक |
| गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| ८ वटा वडाका वडा अध्यक्षहरु सबै | -सदस्य |
| सम्बन्धित विषय हेर्ने अधिकृतहरु सबै | -सदस्य |
| सुरक्षा निकायको प्रमुख | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |